**स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको उपकुलपति छनौट तथा सिफारीस सम्बन्धी एकीकृत कार्यविधि, २०८३**

**स्वीकृत मितिः २०८३/०१/३१**

**<u>प्रस्तावनाः</u>** सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ को दफा २ को उपदफा (१) बमोजिम नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत सञ्चालित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान र वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति स्वतः पदमुक्त भएकोले तत् तत् प्रतिष्ठानमा रिक्त रहेका उपकुलपति पदमा स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ को व्यवस्था र तत् तत् प्रतिष्ठानका विद्यमान ऐनमा भएको व्यवस्था बमोजिम प्रतिष्ठानहरूलाई चिकित्सा शिक्षा, विशेषज्ञ स्वास्थ्य सेवा, स्वास्थ्य अनुसन्धान, नवप्रवर्तन, जनशक्ति उत्पादन, सुशासन र सार्वजनिक उत्तरदायित्वका उत्कृष्ट केन्द्रका रूपमा विकास गर्न सक्षम, निष्पक्ष, अनुभवी, दूरदर्शी र नतिजामुखी नेतृत्व आवश्यक रहेकोले, योग्य, अनुभवी, नैतिक, पारदर्शी र संस्थागत सुधार गर्न सक्ने नेतृत्व छनौट गर्ने प्रक्रियालाई प्रतिस्पर्धात्मक, वस्तुनिष्ठ, समावेशी, पारदर्शी र प्रमाणमा आधारित बनाउन वाञ्छनीय भएकोले मिति २०८३/१/२३ को सम्माननीय प्रधानमन्त्री तथा कुलपतिस्तरको निर्णयबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका माननीय मन्त्री एवम् सहकुलपतिको अध्यक्षतामा गठन भएको उपकुलपति छनौट तथा सिफारीस समितिले यो कार्यविधि जारी गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम " स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको उपकुलपति छनौट तथा सिफारीस सम्बन्धी एकीकृत कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि समितिले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले उल्लिखित प्रतिष्ठानहरूका उपकुलपति छनौट तथा सिफारीस गर्ने प्रयोजनका लागि गठन भएको समितिको अध्यक्ष सम्झनुपर्छ।

(ख) "उम्मेदवार" भन्नाले उल्लिखित प्रतिष्ठानहरूका उपकुलपति पदमा नियुक्तिका लागि पेश गरेका दरखास्त मध्ये न्यूनतम् योग्यता भएका स्वीकृत दरखास्तका उम्मेदवार सम्झनुपर्छ।

(ग) "पदाधिकारी" भन्नाले प्रचलित कानुन बमोजिम स्थापित प्रतिष्ठानका पदाधिकारीलाई जनाउँछ।

(घ) “नजिकका नातेदार" भन्नाले 'पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, धर्मपुत्र वा धर्मपुत्री राखे बाबु आमा, सौतेनी बाबु, सौतेनी आमा, बाजे, बज्यै, नाति, नातिनी, दाजु, भाइ, दिदी, बहिनी, ठूलोबाबु, काका, काकी, सानोबाबु, सानीआमा, भतिजा, भतिजी, सासू, ससुरा, जेठाजु, जेठानी, देउरानी, नन्द, देवर, भाउजू, बुहारी, मामा, माइजू, भान्जा, भान्जी, ,जेठी सासु, साला, साली, साडू दाई, साडु भाई, फुपू, फुपाजु, आमाजू, भदा, भदै, भिनाजु, ज्वाइँ, जेठान सम्झनु पर्नेछ।

(ङ) “प्रतिष्ठान ऐन” भन्नाले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२, बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ लाई सम्झनुपर्छ।

(च) “प्रतिष्ठान” भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत सञ्चालित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान र वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ।

(छ) “मन्त्रालय” भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले सहकुलपतिको अध्यक्षतामा गठन भएको उपकुलपति छनौट तथा सिफारीस समिति सम्झनु पर्छ।

३. **बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठकको गणपुरक सङ्ख्या लागि समितिका सबै सदस्य उपस्थित भएको हुनु पर्नेछ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ।

(५) समितिको निर्णय अध्यक्ष सहित सबै सदस्यको हस्ताक्षरपछि प्रमाणित भएको मानिनेछ।

(६) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ।

४. **आवश्यक न्यूनतम योग्यताः** (१) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३५ मा व्यवस्था भएको विश्वविद्यालय, प्रतिष्ठान तथा शिक्षण संस्थाका लागि पदाधिकारी छनोटका लागि तोकिएका आधार र सम्बन्धित् प्रतिष्ठान ऐनहरूमा तोकिएको न्यूनतम् योग्यताका आधारमा प्रतिष्ठानको उपकुलपति नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट चिकित्सा शास्त्र विज्ञानको कुनै पनि विषयमा कम्तीमा स्नातकोत्तर तह हासिल गरेको,

(ख) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषदमा स्थायी दर्ता भई दर्ता प्रमाणपत्र अद्यावधिक रहेको।

(ग) मान्यता प्राप्त स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय वा शिक्षण अस्पतालमा कम्तीमा १० बर्षको अनुभव भएको र प्राध्यापक भएको वा स्वास्थ्य सेवाको एघारौं तह वा सो भन्दा माथिको पदमा कार्य गरेको अनुभब सहित कम्तिमा १० बर्षको प्राध्यापन गरेको अनुभव रहेको।

(घ) प्रचलित कानुन बमोजिम स्थापित कुनै अस्पताल वा शैक्षिक तथा प्राज्ञिक संस्थाको नेतृत्वदायी पदमा (पदाधिकारी वा विभागीय प्रमुख वा मन्त्रालय र अन्तर्गतका निकायमा कार्यलय प्रमुख) रही उत्कृष्ट व्यवस्थापकीय सिप, क्षमता र कौशल प्रदर्शन गरेको,

(ङ) मान्यता प्राप्त जर्नलमा प्रथम लेखक (First Author) भई कम्तीमा २ वटा र सह-लेखक (Co-author) भई कम्तीमा ४ वटा वैज्ञानिक अनुसन्धानमूलक लेख (Scientific Research Articles) प्रकाशन गरेको,

(च) दरखास्त दिने अन्तिम मितिसम्ममा चालिस (४०) वर्ष उमेर पूरा भएको,

(छ) नेपाली नागरिक भएको,

(ज) उच्च नैतिक चरित्र भएको र नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(झ) प्रचलित कानुन बमोजिम कुनै पनि सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको,

(ञ) आवेदकको सम्बन्धित स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग कुनै पनि प्रकारको व्यक्तिगत, आर्थिक वा संस्थागत स्वार्थ नबाझिएको,

(ट) कुनै पनि राजनीतिक दलको सदस्य वा दलगत जिम्मेवारीमा नरहेको।

५. **सूचना प्रकाशन गर्नेः** (१) प्रतिष्ठानको उपकुलपति नियुक्तिको लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी राष्ट्रिय दैनिक पत्रिका र नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वेवसाइटमा १० दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयावधिभित्र तीन जनाभन्दा कम व्यक्तिको दरखास्त पेश हुन आएमा समितिले पेश हुन आएका दरखास्त कायमै राखी दरखास्त पेश गर्न एकपटकको लागि बढिमा ३ दिनको समयावधि थप गर्न सक्नेछ।

(३) समितिले उपदफा (१) बमोजिमको अवधिमा पेश हुन आएका दरखास्त तथा उपदफा (२) बमोजिम म्याद थप भएको अवस्थामा त्यस्तो अवधिमा प्राप्त हुन आएका दरखास्तको मूल्याङ्कन प्रक्रियामा समावेश गर्नु पर्नेछ।

६. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातः** (१) न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्तका साथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः-

(क) स्नातक, स्नातकोत्तर तह र सो भन्दा माथिका भए सो का समेत शैक्षिक उपाधिको प्रमाण पत्रको प्रतिलिपि एवम् समकक्षता लिनु पर्ने अवस्थामा सो लिएको प्रमाण पत्र,

(ख) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषदमा स्थायी दर्ता भएको अद्यावधिक प्रमाणपत्र,

(ग) विश्वविद्यालय वा प्रतिष्ठानको प्राध्यापक पदमा नियुक्त भएको भए नियुक्तिपत्रको प्रतिलिपि,

(घ) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय वा प्रतिष्ठानको कार्य अनुभव खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि, अस्पतालमा कार्यरत भए प्राध्यापन गरेको अनुभब खुल्ने प्रमाणपत्र,

(ङ) कम्तिमा २ वटा First Author र कम्तिमा ४ वटा Co-author भएका अनुसन्धानमूलक प्रकाशन गरेको,

(च) अनुसन्धान र प्राज्ञिक क्षेत्रमा हासिल गरेको अनुसन्धानमूलक लेखन, प्रकाशन विवरण तथा प्रमाणको प्रतिलिपि, लिंकहरू भए सो समेत,

(छ) बढिमा पाँच हजार शब्दसम्मको आवेदन गर्न लागेको प्रतिष्ठानको सोच पत्र (Vision Paper) र आफ्नो रणनीतिक कार्ययोजना (Strategic Action Plan)। (यसरी सोच पत्र र कार्ययोजना पेश गर्दा खण्ड क मा सोचपत्र र खण्ड ख मा कार्य योजना हुने गरी दुई खण्डमा विभाजन गरी तयार गर्नु पर्नेछ।

(ज) नेपाली नागरिकताको प्रतिलिपि,

(झ) अनुसूची-२ बमोजिमको स्वघोषणा पत्र।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमको सोच पत्र (Vision Paper) र रणनीतिक कार्ययोजना (Strategic Action Plan) अंग्रेजीमा भए Times New Roman 12 र नेपालीमा भए युनिकोडमा १२ फन्ट साइज र double line space मा तयार गरी कभर पेजमा आफ्नो विवरण खुलाई सो बाहेक शुरु देखी अन्त्यसम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको संकेत वा चिन्ह नरहने गरी छुट्टै खामबन्दी गरी पेश गर्नु पर्नेछ।

(३) एक उम्मेदवारले बढीमा दुई प्रतिष्ठानहरूको उपकुलपति पदमा आवेदन गर्न सक्नेछ। यसरी आवेदन गर्दा प्रत्येक प्रतिष्ठानको छुट्टाछुट्टै आवेदन दिनुपर्नेछ। आवेदन पेस गर्दा अनुसूची-१ बमोजिमको ढाँचामा उपलब्ध गराइएको लिङ्कमा तोकिए बमोजिमका विवरण तथा कागजात अपलोड गरी पेस गर्नु पर्नेछ।

७. **दरखास्त स्वीकृति वा रद्द गर्न सक्नेः** (१) दरखास्तका लागि यस कार्यविधिको दफा ४ र ६ बमोजिमको प्रक्रिया पूरा भई प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई छनोट प्रक्रियाका लागि सूचीकृत गरिनेछ।

(२) न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्टा कागजात पेश गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

८. **छनौट विधिः** (१) उम्मेदवारबाट दरखास्तसाथ पेश हुन आएका विवरणहरुका आधारमा उम्मेद्वारहरूको उपदफा (२) को तालिका बमोजिम मुल्यांकन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको छनोटको मूल्याङ्कन देहायका आधारमा हुनेछः-

| क्र.सं. | मूल्याङ्कनका मुख्य आधारहरू | अधिकतम अङ्क | अङ्क प्रदान गर्ने विस्तृत मापदण्ड (Rubric) |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता | १० | विद्यावारिधि, DM/Mch वा सो सरह-१०<br>एमडी, एमएस वा सो सरह-८ |
| २. | प्राध्यापन क्षेत्रको कार्यानुभव | १५ | चिकित्सा शिक्षाको प्राध्यापन क्षेत्रमा काम गरेको प्रत्येक वर्षको १ अंकका दरले अधिकतम् १५ वर्षको - १५ |
| ३. | नेतृत्वदायी भूमिकामा रही व्यवस्थापकीय पदमा काम गरेको अनुभव | १० | नेतृत्वदायी भूमिकामा रही व्यवस्थापकीय पदमा काम गरेको प्रत्येक वर्षको १ अंकका दरले अधिकतम् १० वर्षको -१० |
| ४. | अनुसन्धान र प्राज्ञिक क्षेत्रमा हासिल गरेको अनुसन्धानमूलक लेखन, प्रकाशन | १० | कम्तिमा २ वटा first author र कम्तिमा ४ वटा Co-author भएका अनुसन्धानमूलक प्रकाशन गरेकोलाई ६ अङ्क, २ वटा भन्दा बढी First Author भएका ८ अंक र यसका अतिरिक्त सम्बन्धित् बिषयमा पाठ्यपुस्तक/सन्दर्भ पुस्तक प्रकाशन गरेको भए १० अङ्क। |
| ५. | सोचपत्र (Vision Paper) | २० | देहायका ५ वटा सूचकमा प्रति सूचक ४ अङ्कका दरलेः (१) प्रतिष्ठानको गुणस्तर अभिवृद्धि र प्रभावकारिता, (२) प्रतिष्ठानको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता, (३) शैक्षिक कार्यक्रमको सुदृढीकरण, (४) प्रतिष्ठानलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रूपमा विकास, (५) मानव संसाधन व्यवस्थापनसम्बन्धी कार्यनीति। |
| ६. | रणनीतिक कार्ययोजना (Strategic Action Plan) | २० | देहायका ५ वटा सूचकमा प्रति सूचक अङ्कका दरलेः |

| क्र.सं. | मूल्याङ्कनका मुख्य आधारहरू | अधिकतम अङ्क | अङ्क प्रदान गर्ने विस्तृत मापदण्ड (Rubric) |
|---|---|---|---|
| | | | १. विद्यमान अवस्था, २. SWOT Analysis, ३. सरोकारवालासँगको अन्तरसम्बन्ध, ४. सुधारका क्षेत्र पहिचान, ५. अनुगमन ढाँचासहितको ५ वर्षे कार्ययोजना। |
| ७. | प्रस्तुतीकरण तथा प्रश्नोत्तर | १५ | प्रस्तुतीकरण शैली (२), विषयवस्तुको पूर्णता (३), सोचपत्र (३) , कार्ययोजना/कार्यान्वयन स्पष्टता (३), तार्किक/विश्लेषणात्मक क्षमता (३), समय व्यवस्थापन (१)। |
| कुल प्राप्ताङ्क (Total Score) | | १०० | |

(३) उपदफा (२) को तालिकामा उल्लिखित क्र.सं. १ देखि ४ सम्मका आधारहरू उपर समितिले तोकेको विज्ञ टोली समेतले मूल्याङ्कन गरे पश्चात अङ्क चढाई सिलबन्दी गरी समितिलाई फिर्ता गर्नुपर्नेछ। त्यसपछि उम्मेदवारहरूको सूची प्रकाशन गरिनेछ।

(४) उपदफा (३) बमोजिमको सूचीमा परेका उम्मेदवारहरूको उपदफा (२) को तालिकाको क्र.सं. ५ र ६ बमोजिमका आधारहरू उपर समितिले तोकेको विज्ञ टोली समेतले मूल्याङ्कन गरे पश्चात अङ्क चढाई सिलबन्दी गरी समितिलाई फिर्ता गर्नुपर्नेछ।

(५) समिति र उपदफा (४) मा तोकिएका विज्ञहरू मध्येबाट उपदफा (२) को तालिकाको क्र.सं. ७ बमोजिमको प्रस्तुतीकरण तथा प्रश्नोत्तरको मूल्याङ्कन हुनेछ।

(६) सबै मुल्यांकनको कूल प्राप्तांकका आधारमा योग्यताक्रम अनुसार उम्मेदवारहरूको अन्तिम सूची तयार गरिनेछ।त्यसपछि प्रत्येक प्रतिष्ठानको लागि बढीमा ३ जनाको दरले वर्णानुक्रम अनुसारको सूची उपकुलपति नियुक्तिको लागि कुलपति समक्ष सिफारिस गरिनेछ।

९. **मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुनेः** (१) समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदार भएको व्यक्तिले उपकुलपतिको पदमा दरखास्त पेश गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुदैन। यसका लागि अनुसूची-३ बमोजिम कुनै स्वार्थ नबाझिएको स्वघोषणा गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी आएमा समितिका अध्यक्ष तथा सदस्यको हकमा कुलपतिबाट र कुनै विज्ञको हकमा समितिबाट व्यवस्था भए बमोजिम हुनेछ।

१०. **प्रस्तुतीकरणः** (१) दफा ८ को उपदफा (२) को क्र.सं. ७ बमोजिमको प्रस्तुतीकरणका लागि उम्मेदवारलाई ३ दिनको समय दिई मन्त्रालयको वेवसाईट मार्फत सार्वजनिक सूचना प्रकाशन गरी आमन्त्रण गरिनेछ। साथै यस सम्बधी सूचना उम्मेदवारले आवेदनका क्रममा उपलब्ध गराएको ईमेल वा फोन मार्फत जानकारी गराइनेछ।

(२) जुनसुकै कारणले पनि कुनै उम्मेदवार प्रस्तुतीकरण तथा अन्तर्वार्ताको तोकिएको मिति, स्थान र समयमा उपस्थित हुन नसकेमा निजलाई छनोट प्रक्रियामा समावेश गरिने छैन। तर विशेष अवस्थामा समितिको निर्णय बमोजिम कुनै उम्मेदवारलाई भर्चुअल प्रस्तुतीकरणका लागि अनुमति दिन सकिनेछ।

११. **समितिको सचिवालय र कागजपत्रको संरक्षणः** (१) समितिको कार्य सम्पादनका लागि स्वाथ्य तथा जनसंख्या मन्त्रालयको नीति, योजना तथा अनुगमन महाशाखाले सचिवालयको रुपमा कार्य गर्नेछ।

**(२)** समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यससम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू मन्त्रालयमा सुरक्षित राखिनेछ।

१२. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा वा कार्यविधिमा स्पष्ट व्यवस्था नभएको अवस्थामा, समितिको सर्वसम्मत निर्णयबमोजिम बाधा अड्काउ फुकाउन वा थप व्याख्या गर्न सकिनेछ र त्यस्तो निर्णय यसै कार्यविधिको अभिन्न अङ्ग मानिनेछ। आवश्यक परेमा समितिले अन्य निकायसँग कानूनी परामर्श गर्न सक्नेछ।

## अनुसूची-१
## (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

श्री अध्यक्षज्यू,
उपकुलपति छनोट तथा सिफारिस समिति,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।**

....... प्रतिष्ठानको रिक्त उपकुलपति पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। उपकुलपतिको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव मसँग रहेको छ। म उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१. **प्रतिष्ठानको नामः**
२. **नियुक्ति हुन चाहेको पदः** उप-कुलपति
३. **दरखास्त पेश गर्ने व्यक्तिकोः**

**(क) व्यक्तिगत विवरणः**

नामथर
(देवनागरी)ः......................
Name:
English BLOCK LETTER: .........................
हाल कार्यरत
संस्थाः–..............................पद...............................................
नेपाली नागरिकताको प्रमाण पत्र नं.ः...................जारी
मितिः.................................
स्थायी ठेगानाः

अस्थायी ठेगानाः

जन्म

मितिः……………………..जिल्लाः………………………………..साल…...............

.......

महिना…...........................गते…………………………………..

सम्पर्क

नम्बरः……………………इमेलः–……………………………………………

**(ख) शैक्षिक योग्यताको विवरणः**

| क.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|
| १. | स्नातक | | | | |
| | स्नातकोत्तर | | | | |
| २. | विद्यावारिधि र अन्य | | | | |

**(ग) अनुभवः (नेतृत्वदायी भुमिकामा कार्य गरेको भए सो समेत)**

| क.स. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |

**(घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्बन्धी विवरण (यदि भएमा)**

| क.स. | परियोजनाको शिर्षक | परियोजना पेश गरेको निकाय | अनुसन्धान टोलिको नामावली | परियोजना सम्पन्न गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

### (ङ) प्राज्ञिक अनुसन्धानमूलक लेख प्रकाशन सम्बन्धी विवरण

| क्र.स. | लेखको शिर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक र देश | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| **औठा छाप** | |
|---|---|
| **दाँया** | **बाँया** |
| | |

दस्तखतः

नाम थरः

मितिः

सम्पर्क नम्बरः

## अनुसूची-२

## उम्मेदवारको स्व-घोषणा

## (दफा ६ को उपदफा (१) को खण्ड (झ) सँग सम्बन्धित)

विषयः स्व-घोषणा सम्बन्धमा।

प्रस्तुत विषयमा................ प्रतिष्ठानको उपकुलपति पदका लागि आवेदनका साथमा देहाय बमोजिमको स्व-घोषणा गर्दछु।

| | **छ** | **छैन** |
|---|---|---|
| (क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा ओसारपसार, बैंक तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको, | | |
| (ख) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति वा बिदेशी नागरिकता प्राप्त गरेको | | |
| (ग) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको, | | |
| (घ) हाल कुनै राजनीतिक दलको सदस्य भएको, | | |
| (ङ) प्रतिष्ठानको क्षेत्रमा कुनै किसिमको स्वार्थको द्वन्द्व (Conflict of Interest) भएको, | | |
| (च) कुनै पनि लेख तथा प्रकाशनमा Plagiarism गरेको | | |

माथि उल्लेख गरिएका विवरण ठीक साँचो हो भनी स्व-घोषणा गर्दछु। झुटो ठहरिएमा कानूनबमोजिम सहुँला बुझाउँला।

उम्मेदवारको

हस्ताक्षरः..................................................................

नाम, थरः- ..................................................................

ठेगानाः- ............................ मोबाइल नम्बरः..............................

## अनुसूची-३

## (दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## मूल्यांकनकर्ताको स्वघोषणा

म उपकुलपति छनौट तथा सिफारीस प्रक्रियामा संलग्न रहँदा कुनै पनि उम्मेदवारसँग मेरो पारिवारिक, वित्तीय, राजनीतिक, संस्थागत वा अन्य प्रत्यक्ष/अप्रत्यक्ष स्वार्थ-संघर्ष नभएको घोषणा गर्दछु। यदि कुनै स्वार्थ-बाझिएमा/देखिएमा वा पछि जानकारीमा आएमा तुरुन्त समितिलाई जानकारी गराई सम्बन्धित मूल्याङ्कन प्रक्रियाबाट अलग रहनेछु।

यस प्रक्रियामा प्राप्त हुने कागजात, अंक, टिप्पणी, सन्दर्भ जाँच विवरण तथा अन्य संवेदनशील जानकारी गोप्य राख्नेछु।

नामः ................................................

पद/भूमिकाः ........................................

हस्ताक्षरः .........................................

मितिः ................................................